म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१७ अङ्कः- १४९ २०८३ वैशाख ९ गते बुधबार 22 April 2026, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सत्यम जेभियर्स इङ्गिङ्लस बोर्डिङ स्कुल**

हेटौंडा-४, चिसापानी

०५७-५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३

# स्वास्थ्य संस्थामा निःशुल्क आइरन चक्कीको अभाव

नानीमाया सापकोटा



हेटौंडा : स्वास्थ्य संस्थाहरुमा निःशुल्क आइरन चक्कीको अभाव हुँदा सेवाग्राही मर्कामा परेका छन् । केही महिनायता स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रलगायतका स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरण हुँदै आएको आइरन चक्कीको अभाव भएपछि जनगुनासो बढ्दै गएको हो । जेन जी आन्दोलनपछि जिल्ला स्वास्थ्य कार्यालयबाट आइरन चक्की प्राप्त हुन नसकेको, पालिकाले पनि आइरन चक्की खरिद गर्न चासो नदेखाउँदा विपन्न वर्ग प्रत्यक्ष प्रभावित भएको हेटौंडा उपमहानगरपालिकाअन्तर्गत वडा तहमा रहेको सहरी स्वास्थ्य केन्द्रका एक स्वास्थ्यकर्मीले बताए ।

'पालिकाले अनेकौं काममा पैसा खर्च गरिरहेको देखिन्छ। गर्भवती महिलाहरु, सुत्केरी महिलाका लागि वितरण गरिने सस्तो दरको आइरन चक्की किन्नेतर्फ भने पालिकाको ध्यान पुगेको छैन, ती स्वास्थ्यकर्मीले भनिन्, 'हामीले पटक-पटक भन्यौं तर, सुनुवाई भएन । पैसा हुनेले त बजारमा किनेर खालान् । पैसा नहुनेहरु, विपन्नहरु आइरन चक्कीबाट बञ्चित भएका छन् ।' स्वास्थ्य संस्थाहरुमा निःशुल्क पाइने आइरन चक्की पछिल्लो केही महिनामा किनेर खानुपर्ने भएपछि आर्थिक रुपमा विपन्नहरुलाई आइरन चक्की नियमित खान समस्या भएको बताएका छन्। नेपाल सरकारले जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत समन्वय गरी नियमित स्थानीय तहमा पठाइने गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिनुभयो । संघीय सरकारले तत्काललाई आइरन चक्की खरिद गरी स्थानीय तहहरुमा पठाउन असमर्थ भएकोले स्थानीय पालिकाहरुले आफैं आवश्यकता अनुसार खरिद गर्न आग्रह गर्दै परिपत्र भएकोले स्थानीय पालिकाहरुले आफैं खरिद गर्ने तयारी गरिरहेको र कुनै पालिकाले खरिद गरिसकेको उहाँले स्पष्ट पार्नुभयो ।

हेटौंडा उपमहानगरपालिकामा पनि गत कात्तिकमा अन्तिम पटक ५ हजार आइरन चक्की पठाइएको स्वास्थ्य शाखाले जनाएको छ । यसपछि कतिपय स्वास्थ्य संस्थाहरुमा छिट्टै आइरन चक्की सकिएपनि केहीमा वितरण हुँदै गरेको र धेरै समयसम्म संघीय सरकारबाट प्राप्त नभएपछि आफैं किन्ने तयारी गरेको हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य शाखाले स्पष्ट पारेको छ । हेटौंडा उपमहानगरपालिका भित्रका नगर अस्पताल, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रहरुमा वितरण गर्न हाल ३ लाख आइरन चक्की खरिद गर्नका लागि यहि हप्ता प्रक्रिया अघि बढाइएको छ । ३ लाख चक्कीले करिब ४ महिना धान्न सकिने स्वास्थ्य शाखाका भोलानाथ चौलागाईं बताउनुहुन्छ । यी स्वास्थ्य संस्थाहरुमा १ वर्ष वितरणका लागि १० लाख चक्की आवश्यक पर्ने उहाँको भनाइ छ ।

यसअघि नेपाल सरकारको पोषण कार्यक्रम अन्तर्गत गर्भवती महिला, सुत्केरी भएको ३९ दिनसम्मका महिला तथा १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरुलाई तथा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत छात्राहरुलाई रगतको कमी हुन नदिन आइरन चक्की निःशुल्क वितरण गर्दै आइरहेको थियो ।

### नयाँ शैक्षिक सत्रमा प्रधानाध्यापकको योजना

# विद्यालय सञ्चालनमा सबैको भूमिका हुनुपर्छ : प्रधानाध्यापक कर्ण

समाज संवाददाता




हेटौंडा : हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले शैक्षिक सत्र-२०८२ मा स्वर्णजयन्ती मनायो । स्वर्णजयन्ती मनाउँदै गर्दा यो ऐतिहासिक कार्यक्रमको अभिभावकत्व लिन वैधानिक विद्यालय व्यवस्थापन समिति भने थिएन । वडा नम्बर २ कार्यालयले नै कार्यक्रमको अभिभावकत्व लिँदै कार्यक्रम सम्पन्न गऱ्यो ।

तत्कालीन विद्यालय व्यवस्थापन समितिको समायावधि २०८१ चैत १५ गते सकिएपछि भएको अभिभावक भेलाबाट नयाँ समिति निर्माण गर्न नसक्दा हालसम्म पनि विद्यालय व्यवस्थापन समिति गठन हुन सकेको छैन । बागमती प्रदेश सरकारले ठूला विद्यालयको समूहमा समावेश गरेको यस विद्यालयमा अझै पनि विद्यालय व्यवस्थापन समिति गठनको कुनै छाँटकाँट देखिँदैन ।

अभिभावक भेलाले सहमतिमा विद्यालय व्यवस्थापन समिति निर्माण गर्न खोजे पनि सहमति हुन सकेन । त्यसपछि पनि विद्यालय प्रशासनले धेरै पटक समिति गठनका लागि सहमतिको प्रयास गरे पनि सफल भएको छैन । अभिभावक भेलाबाट विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकबाटै विद्यालय व्यवस्थापन समितिको चार जना सदस्य चयन गर्नुपर्नेमा विभिन्न राजनीतिक दलहरुको टकरावले समिति गठन हुन नसकेको विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्णले गुनासो गर्नुभयो ।

विद्यालय व्यवस्थापन समिति निर्माणको काम फलामको चिउरा बन्न पुगेको विद्यालयमा अभिभावकको पठनपाठनमा चासो पनि निकै कम रहेको प्रधानाध्यापक कर्णको अनुभव छ । विद्यालयमा आफ्ना बालबालिकाका समस्या तथा पढाइबारे शिक्षकसँग अन्तर क्रियामा कुनै चासो नभएको पाइएको उहाँको भनाइ छ। अभिभावक बैठक तथा शिक्षकसँग अन्तरक्रियामा करिब २५ प्रतिशत अभिभावकहरु मात्रै सहभागी हुने भन्दै उहाँले विद्यालयमा अधिकांश गरिब, विपन्न तथा न्यून शैक्षिक अवस्थाका अभिभावकहरुका बालबालिका अध्ययन गर्ने गर्दछन् । यसकारण पनि विद्यार्थीको नतिजाको चिन्ता विद्यालयले मात्रै लिने गरेको उहाँको भनाइ छ ।

सिद्धार्थ माध्यमिक विद्यालयको २०८१ सालको एसईईको नतिजा ६७ प्रतिशत रहेकोमा २०८२ को नतिजामा सुधार भएर ७५ प्रतिशत प्राप्त गर्ने अपेक्षा विद्यालयले गरेको छ । विद्यालयबाट १ सय १२ जना विद्यार्थीहरु एसईईमा सहभागी भएका छन् । हाल यस विद्यालयमा बालकक्षादेखि कक्षा १० सम्म १ हजार ७ सय ४१ जना र कक्षा ११, १२ मा १ सय ६८ जना विद्यार्थी अध्ययनरत छन् । कक्षा ११ र १२ मा शिक्षा, व्यवस्थापन र कानून विषय पठनपाठन भइरहेको छ । कक्षा १० सम्म अंग्रेजी र नेपाली दुबै माध्यमबाट पठनपाठन हुने विद्यालयमा हाल दरबन्दीका ३३ जना र निजी स्रोतका १६ जना शिक्षकहरु रहेका छन् । १२ जना कर्मचारी पनि निजी स्रोतबाट राखिएको छ ।

शैक्षिक सत्र २०८० को एसईईमा ५१ प्रतिशत विद्यार्थी उत्तीर्ण भए पनि पछिल्ला तीन वर्षको वार्षिक परीक्षाको नतिजामा विद्यालयले विस्तारै लय समाउँदै गएकोप्रति प्रधानाध्यापक कर्ण खुसी व्यक्त गर्नुहुन्छ। करिब ६० प्रतिशत तराईका विद्यार्थीहरु पढ्न आउने यस विद्यालयमा विद्यार्थी संख्याअनुसारको कक्षाकोठाको अभाव भएको उहाँको गुनासो छ । प्रविधिमैत्री साधन प्रयोग गरी कक्षा सञ्चालन गर्ने विद्यालयको योजना भए पनि हरेक कक्षामा उपलब्ध नहुँदा प्रविधिमैत्री बनाउन सकिएको छैन । यस्तै विद्यालय व्यवस्थापन समिति नहुँदा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने योजनामा सहभागी हुन नपाएको प्रधानाध्यापक कर्णले उल्लेख गर्नुभयो ।

बागमती प्रदेशको शिक्षा विकास निर्देशनालयले विद्यालयहरुलाई प्रविधिमैत्री बनाउने कार्यक्रममा विद्यालय व्यवस्थापन समितिको निर्णय पेश गर्न नसकिएको प्रधानाध्यापक कर्ण बताउनुहुन्छ । यस्ता समस्याका बाबजुद पछिल्लो समय नतिजामुखी शैक्षिक क्रियाकलाप गर्दै उठ्न खोजिरहेको उहाँको भनाइ छ। यस विद्यालयमा वडा कार्यालयले पनि अभिभावकत्व ग्रहण गर्दै यस वर्ष १८ लाख रुपैयाँ बजेट विनियोजन गरेको बताउँदै कर्णले विद्यालयको भौतिक संरचना निर्माणमा १० लाख तथा प्रविधिमैत्री कार्यक्रममा ५ लाख रुपैयाँ खर्च गरेको जानकारी दिनुभयो ।

२०५५ सालदेखि सिद्धार्थ माध्यमिक विद्यालयमा अध्यापनरत प्रधानाध्यापक कर्ण आउँदो जेठ महिनामा अवकास हुँदै हुनुहुन्छ । विद्यालयलाई सुधारोन्मुख बनाउन शिक्षक, अभिभावक तथा जनप्रतिनिधिहरु एक भएर लाग्नुपर्ने उहाँ बताउनुहुन्छ । विद्यालय व्यवस्थापन समिति तत्कालै निर्माण नगरे विद्यालय अझै समस्यामा जानसक्ने उहाँको आँकलन छ। यस्तै, अभिभावकहरुलाई पनि आफ्ना बालबालिकाबारे सचेतना कार्यक्रम गर्नुपर्ने उहाँको भनाइ छ। विद्यालयमा प्रतिवर्ष विद्यार्थीको संख्या बढेसँगै बार्षिक परीक्षाको समयमा विद्यार्थीहरुले विद्यालय छोडिसकेको हुने समस्यालाई रोक्न विद्यालय तथा अभिभावकहरु मिलेर समन्वय गर्नुपर्ने उहाँको सुझाव छ ।

# योजना आयोग र नीति प्रतिष्ठान अझ सुदृढ बनाउने : प्रधानमन्त्री



*योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरूसँग छलफलमा सहभागी प्रधानमन्त्री शाह ।*

काठमाडौं : प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठान जस्ता निकायलाई खारेज गर्नुको सट्टा सुधार मार्फत सुदृढ बनाई सरकारको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोगका पदाधिकारी तथा कर्मचारीहरूसँग भएको छलफलमा शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भए मात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताए । 'यी निकायहरूलाई सुधार गर्न सके सरकार सञ्चालनमा ठुलो सहयोग पुग्नेछ' उनले भने ।

नीति अनुसन्धान प्रतिष्ठानका सन्दर्भमा उनले भने, 'विषय विज्ञ र अनुसन्धानकर्ताको महत्व कति रहन्छ भन्ने हामीलाई थाहा छ । हामीलाई यस्तो उत्कृष्ट विज्ञता चाहिएको हो, जसले जनप्रतिनिधिले भन्दा पनि गहिरो अध्ययन र दूरगामी सोच प्रस्तुत गर्न सकुन्। सरकारले विज्ञहरूको प्राज्ञिक कार्यलाई पूर्ण रूपमा ग्रहण गर्नेछ ।' प्रधानमन्त्री शाहले कुनै पनि बहानाबाजी नगरी विना सङ्कोच नतिजा निकाल्ने गरी काम गर्न दुवै निकायलाई निर्देशन दिए। 'कुनै पनि कार्य सम्पादन गर्दा ठोस योजना र सजग कार्यान्वयन आवश्यक हुन्छ। विकासमा विषय विज्ञको भूमिका अतुलनीय हुन्छ, यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्नुस्' उनले भने ।

मन्त्रालयहरूबीच समन्वय नभएको भन्ने तर्क स्वीकार्य नहुने स्पष्ट पार्दै उनले एउटै सरकार मातहत त्यस्तो समस्या हुन नहुने बताए । साथै, बजेट र कानुनी जटिलतालाई काम नगर्ने बहानाका रूपमा प्रयोग नगर्न समेत उनले सचेत गराए । 'प्रभावकारी अध्ययन र अनुसन्धानबाट मात्रै परिणाम सम्भव छ । पुराना नीति र ऐनकै भरमा ५० वर्षसम्म काम त चलाउन सकिएला तर सुधार नगरेसम्म देश समृद्ध हुन सक्दैन,' प्रधानमन्त्रीको कथन थियो । सो अवसरमा अर्थमन्त्री स्वर्णिम वाग्लेले वर्तमान समयलाई सुधारको स्वर्णिम अवसरका रूपमा लिनुपर्ने र उच्च राजनीतिक प्रतिबद्धताअनुसार काम अघि बढ्ने बताए। उनले विज्ञहरूको ज्ञानलाई सरकारी नीति, कार्यक्रम र बजेटमा रूपान्तरण गर्न निर्देशन दिए । स्पष्ट लक्ष्य, पर्याप्त बजेट, तोकिएको जिम्मेवारी र मापनयोग्य परिणामसहितका प्रस्तावहरु सम्बन्धित मन्त्रालयमार्फत ल्याउनुपर्नेमा उनको विशेष जोड थियो ।

अर्थमन्त्री वाग्लेले विद्यमान संस्थागत संरचनाको सुदृढीकरण, अप्रासङ्गिक प्रावधानहरूको खारेजी र नयाँ आवश्यकता अनुसार नीति विकास गर्ने प्रक्रिया थालनी गरिने जानकारी दिए । उनले नवप्रवर्तनात्मक कार्यक्रमहरूलाई 'पाइलट प्रोजेक्ट' का रूपमा सुरु गरी सफल भएपछि राष्ट्रिय स्तरमा विस्तार गर्ने रणनीतिबारे समेत चर्चा गरे । छलफलका क्रममा आयोगका पदाधिकारीहरूले आफ्नो क्षेत्रको कार्य प्रगति, चुनौती र बजेटको अवस्थाबारे प्रधानमन्त्रीसमक्ष बिफ्रिङ गरेका थिए । प्रतिष्ठानका कर्मचारीहरूले हालसम्मका अध्ययन-अनुसन्धान सरकारी कार्य प्रणालीका लागि निकै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै थप जनशक्ति र स्रोतसाधनको मागसमेत गरे । प्रधानमन्त्रीसँगको यस प्रत्यक्ष संवादले आफूहरूलाई थप ऊर्जा र मेहनतका साथ काम गर्ने प्रेरणा मिलेको उनीहरूको भनाइ छ ।

*स्रोत : अनलाइनखबर ।*

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- -थाईराईड
- -क्यान्सर
- -रक्तअल्पता
- -वाथरोग
- -बाँझोपन
- -भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४



## सम्पादकीय

# प्रदेश सरकारप्रति असन्तुष्टि

बागमती प्रदेश सरकारको कार्यशैलीलाई लिएर असन्तुष्टि व्यक्त गरिएको छ । बागमती प्रदेशसभाका सदस्यहरुले जनसरोकारका मुद्दामा सरकार मूकदर्शक बनेको भन्दै सरकारको कामप्रति प्रदेशसभा सदस्यहरुले सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका हुन् । प्रदेशसभा बैठकको विशेष समयमा बोल्दै प्रदेशसभा सदस्यहरुले आम नागरिकका विभिन्न समस्याप्रति सरकारले प्रभावकारी काम गर्न नसकेकोमा गुनासो गरेका छन् । संघीय सरकारका कतिपय निर्णयलाई लिएर पनि प्रदेशसभा सदस्यहरुले असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरुले बागमती प्रदेशसभाको सभामुख चयन हुन नसकेकोमा सरकारको आलोचना गरेका छन् । प्रदेश सरकारको सुस्त गतिका कारण आम नागरिकले आवश्यक सेवा सुविधा पाउन नसकेको प्रदेशसभा सदस्यहरुको गुनासो छ ।

प्रदेशसभा सदस्यहरुले बजेट कटौतीको विषयलाई लिएर सरकारको आलोचना गरेका छन् । किसानका लागि आवश्यक रासायनिक मलको अभाव हुँदा प्रदेश सरकार मौन बसेको उनीहरुको आरोप छ । विभिन्न प्रकारका प्राकृतिक विपद् व्यवस्थापनमा ढिलाइ भएकोमा पनि प्रदेशसभा सदस्यले असन्तुष्टि व्यक्त गरेका हुन् । प्रदेश सरकारले जनअपेक्षा अनुसार काम गर्न नसक्दा प्रदेशको औचित्यमाथि प्रश्न उठ्नुका साथै संघीयता र संसदीय पद्दति नै कमजोर भएको उनीहरुको भनाइ छ । संघीय सरकारले हप्तामा दुई दिन बिदा दिने निर्णय गरेकोमा प्रदेशसभा सदस्यले आपत्ति जनाएका छन् । पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई लिएर पनि प्रदेशसभा सदस्यहरुले सरकारको आलोचना गरेका छन् । वर्षायाम अघि नै विपद् व्यवस्थापनका लागि सडक तथा नदी किनारमा तटबन्ध लगाउनुपर्नेमा उनीहरुले जोड दिएका छन् ।

दलित समुदायका लागि ल्याइएको “दलित सशक्तिकरण विधेयक”लाई सरकारले उपेक्षा गरेर शिक्षा, स्वास्थ्य र न्यायको पहुँचबाट दलितलाई पछाडि पारेकोमा पनि सरकारको आलोचना गरिएको छ । खेतीपातीको समय सुरु हुनलाग्दा किसानले मल र बिउ नपाएको भन्दै संघीय सरकारसँग समन्वय गरेर प्रदेशका कृषकहरुलाई सहजरुपमा मल तथा बिउको व्यवस्था गर्नुपर्ने माग प्रदेश सरकारसँग गरेका हुन् । तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषा बनाइए पनि कार्यान्वयन फितलो रहेकोमा सरकारको ध्यानाकर्षण गरिएको छ । बजेटलाई स–साना टुक्रे योजनामा वितरण गर्नुको साटो ठूला उद्योग स्थापनामा लगाउन सुझाव दिइएको छ । संघीय सरकारको निर्देशनका कारण विद्यालय भर्ना र पठपाठन सुरुवातमा देखिएको अन्योल हटाउन माग गरेका छन् ।

प्रदेशसभा सदस्यको हैसियत र भूमिका वडा अध्यक्ष जति पनि नरहेको गुनासो गरिएको छ । सरकारको काम कारवाही र गतिविधिले प्रदेशको भूमिका समाप्तीको लयमा अघि बढेको प्रदेशसभा सदस्यको भनाइ छ । आफूले भनेजसरी बजेट हाल्न नपाएको र हालिएको बजेट पनि कार्यान्वयन नभएकोमा पनि प्रदेशसभा सदस्यहरुको असन्तुष्टि देखिएको छ । प्रदेश संरचनाका कारण जनताले तिरेको करको दुरुपयोगमात्र भइरहेकाले यो बोझिलो भएको प्रश्न उठिरहेको प्रदेशसभा सदस्यले उजागर गरेका हुन् । प्रदेशसभा सदस्यहरुबाटै प्रदेश सरकारको काम कारबाहीप्रति यति धेरै असन्तुष्टि र गुनासो उठ्नुले राम्रो संकेत गर्दैन । सरकारले देखिने र गर्व गर्ने खालका कुनै काम गर्न नसकेको यथार्थलाई प्रदेशसभा सदस्यहरुले मनन गरे पनि प्रदेश सरकार यस्ता कुरामा गम्भिर देखिएको छैन । प्रदेशको प्रशासनिक पुनर्संरचना गरेर खर्च कटौती गर्ने, सभामुख नियुक्त गर्नेजस्ता काममा देखिएको अलमलले सरकारप्रति असन्तुष्टि बढ्नु स्वभाविक मान्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विपरित परिस्थितिलाई जितिने समय योग छ । |
| वृष | : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ । |
| मिथुन | : परोपकार र आनन्दमा मन जाने समय योग छ । |
| कर्कट | : हाँके ताकेका काममा पूर्णता प्राप्त हुने समय छ । |
| सिंह | : विश्वासको कमिले आपसी मनमुटाव बढ्ला । |
| कन्या | : भद्रभलादमीको संगतले काममा पूर्णता । |
| तुला | : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ । |
| वृश्चिक | : हिम्मत र साहसले काममा पूर्णता प्राप्त । |
| धनु | : नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ । |
| मकर | : शत्रु र रोगमाथि विजय प्राप्त हुने समय छ । |
| कुम्भ | : परीक्षा प्रतियोगितामा सरिक भईने समय योग छ । |
| मीन | : सामाजिक र धार्मिक काममा सरिक भईने छ । |

# जनताको मत, भावना र विचारको अभिमत



केपी अधिकारी

नेपालमा दलीय (बहुदल) व्यवस्थाको पुनर्स्थापना भएको पनि ३६ वर्ष पुरा भएर ३७ वर्ष लागेछ । २०४६ सालमा भएको पहिलो जनआन्दोलनबाट प्राप्त बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना त भयो तर जनताको आशा र उनीहरुको जीवनशैलीमा परिवर्तनको आभाष हुन सकेन । तत्कालिन ३० वर्षे पञ्चायती दलविहीन व्यवस्था अन्त्य भई देशमा बहुदलीय शासन व्यवस्थाको प्रादुर्भाव भयो । ४९ दिनसम्म चलेको जनआन्दोलनमा धेरै व्यक्ति सहिद भए भने हजारौं घाइते र अंगभंग हुन पुगे । तत्कालिन राजा श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट दूरदर्शी विचार र परिपक्व निर्णयबाट दलमाथिको प्रतिबन्ध फुकुवा गरी देशमा संवैधानिक राजतन्त्रको सुरुवात गर्ने निर्णय नेपाल टेलिभिजन मार्फत आम नागरिकसामु आफ्नो सन्देश मार्फत व्यक्त गर्नुभएको थियो । त्यसपछि देशमा तत्कालिन नेपाली काँग्रेसका कार्यवाहक सभापति तथा सन्त नेता कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा अन्तरिम सरकार गठन भई १ वर्ष भित्र नयाँ संविधान निर्माण गरी आमनिर्वाचन सम्पन्न गर्ने अभिभारा यो सरकारले प्राप्त गऱ्यो ।

यसरी जनमत र जनविचारको कदर गर्दै राजाबाट समेत देशको शासन व्यवस्थामा परिवर्तन गरी देशको सार्वभौमसत्ता जनतामा निहित हुनेगरी बहुदलीय शासन प्रणाली, बालिक मताधिकार, प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित जनप्रतिनिधिमार्फत शासन संचालन तथा संवैधानिक राजतन्त्रसहितको शासन प्रणाली प्रारम्भ गरियो । जनताका विभिन्न मौलिक हकहरुको व्यवस्था दुई सदनात्मक संसदीय शासन व्यवस्था, स्वतन्त्र न्यायपालिका, सक्षम र सुदृढ कार्यपालिकासहितको नेपालको संविधान २०४७ कात्तिक २३ गते जारी भयो । नागरिकले स्वतन्त्रतापूर्वक आफ्ना विचार व्यक्त गर्न र दलमा आस्था राख्न पाउने भए । यसरी शासन व्यवस्था त फेरियो तर जनताको अवस्था र देशको समग्र विकासले गति लिन सकेन । खुला रुपमा दलहरु बाहिर आएपछि उनीहरुले आफ्ना गतिविधि बढाउन थाले । जनतालाई नचाहिँदा र मनगढन्ते आश्वासन बाँड्न थाले । सामान्य पोशाक र चप्पल लगाएर भूमिगत राजनीतिमा लागेकाहरु देशको शासन सत्तामा रहन पुग्दा उनीहरुमा खुशीको सिमा रहेन । जनतामा पनि दलका नेताहरु प्रति ठूलो आशा र भरोसा थियो । तर २०४८ सालमा भएको आम निर्वाचनमा नेपाली काँग्रेसले कूल २०५ संसदीय क्षेत्र मध्य ११० सीटमा विजय हासिल गऱ्यो । उसले पाएको सामान्य बहुमतको आधारमा देशमा शासन संचालन गऱ्यो । तर ३ वर्ष पनि टिकाउन सकेन र पुनः २०५१ मा मद्यावधि निर्वाचनको घोषणा भयो ।

देशमा भ्रष्ट्राचार झन मौलाउँदै गयो । नयाँ दलहरुले संसदलाई सरकार बनाउने र भत्काउने थलोको रुपमा उपयोग गर्न थाले, सरकारी नियुक्तिहरुमा नातावाद र कृपावाद हावी हुँदै गयो । संवैधानिक नियुक्तिहरुमा पहुँचको आधारमा भागवन्डा गरी कर्मचारी नियुक्त गर्न थालियो । न्यायालयहरुमा समेत दलैपिच्छेका न्यायाधीध नियुक्ति सिफारिस गर्न थालियो । यी सब कामहरुले गर्दा जनतामा निराशा छाउन थाल्यो । तत्कालिन नेपाली काँग्रेसको नेतृत्वमा रहेको गिरीजाप्रसाद कोइरालाको बहुमत सरकार र नेकपा एमालेको मनमोहन अधिकारी नेतृत्वको सरकारले केही राम्रा काम गरेको भए तापनि जनताको मन जित्न सकेन । उनीहरु राजनीति मार्फत नेतृत्वमा पुग्ने र सत्तामा पुग्ने मात्र सोच राखे जनताको मत र भावनाको वेवास्ता गरी काठमाडौं केन्द्रित हुन पुगे । नेताहरुमा मात्र सम्पत्ति आर्जन गर्ने र काठमाडौं लगायत देशका मुख्य-मुख्य सहरमा घर बनाउने, घर किन्ने होडबाजी नै चल्यो । यस्तो कामको मूल्याङ्कनकर्ता स्वयम् नेपाली जनता हुन् । जनताको अभिमत ५ वर्षमै बिर्सेर नेताहरु स्वेच्छाचारी र अहंकारी बन्न पुगे । त्यति मात्र होइन देशमा निरन्तर संचालनमा रहेको सरकारी कलकारखानाहरु निजीकरणको नाममा बन्द हुन पुग्यो । विदेशीहरुलाई रिझाउन देशका राष्ट्रिय सम्पदा नदी-नालाहरु पनि छिमेकी राष्ट्रको हित हुनेगरी सन्धी सम्झौता गरियो ।

यसको नजिकबाट जनताले निगरानी राखिरहेका थिए । फलस्वरुप २०५२ फागुन १ गतेबाट एउटा असन्तुष्ट दलले संविधान सभाको निर्वाचन र गणतन्त्रको स्थापनाको माग राखी सशस्त्र आन्दोलनको घोषणा गऱ्यो । त्यसको नाम माओवादी जनयुद्ध राखियो । त्यसको नेतृत्व हालका माओवादी नेताहरु प्रचण्ड र बाबुराम भट्टराई थिए । १० वर्ष लामो जनयुद्ध गरेर झण्डै १० हजार मान्छेको शहदतपछि २०६३ सालमा माओवादीहरु शान्ति प्रक्रियामा सामेल हुने घोषणा गरेर सरकार र माओवादीको बीच शान्ति सम्झौता सम्पन्न भयो । यसरी नेपालको इतिहास हेर्दा प्रत्येक १० वर्षमा देशमा ठूला राजनैतिक परिवर्तन भएको देखिन्छ तर आर्थिक र सामाजिक परिवर्तन भने भएको पाइदैन । धनी र गरिबको दुरी झन-झन बढ्दै गयो । सुकुम्बासीहरुको समस्या समाधान हुनुको सट्टा झन निर्वाचनमा भोटको स्रोत बन्न पुग्यो । देश विदेशी ऋणमा बढी हुने देशको नाममा सूचीकृत हुन पुग्यो ।

यस प्रकार देशको शासन सत्ता संचालन हुँदै थियो । वि.स. २०६२/०६३ मा नेकपा माओवादीलाई साथमा लिएर तत्कालित चर्चित दुई ठूला पार्टीहरु नेपाली काँग्रेस र नेकपा एमाले मिलेर देशमा गणतन्त्रको मागसहित संविधान सभाको निर्वाचनका लागि दोस्रो जनआन्दोलन सुरु गर्ने निर्णय गरे । यस आन्दोलनमा पनि अग्रपंक्तिमा निर्दोष जनतालाई राखेर दलहरुले आफ्नो स्वार्थ सिद्ध गने एक भएको निर्णय सार्वजनिक गरे । पार्टीको सिद्धान्त र मार्ग फरक-फरक भए तापनि आन्दोलन र लक्ष्य एउटै भएको विश्वास जनतालाई दिलाएर आन्दोलनमा होमिए । १९ दिन चलेको यो आन्दोलनमा २ दर्जनको ज्यान गयो । हजारौं घाइते भए तर नेताहरु कोही पनि सहिद हुन पाएनन् । आन्दोलनको उपलब्धि स्वरुप संविधान सभाको निर्वाचन मार्फत नयाँ सविधान निर्माण गरी नयाँ निर्वाचन गराउने सहमति तत्कालिन राजा ज्ञानेन्द्र र दलहरुको बिचमा भयो अन्तरिम संविधान २०६३ लागु गनी सबै पक्षबाट सम्मिलित अन्तरिम सरकार गठन भयो ।

अन्तरिम सरकारले संविधान सभाको चुनाव सम्पन्न गरी संविधान सभाको गठन गरी संविधान सभा मार्फत संविधान लेखन कार्य सुरु भएपनि पाँच वर्ष भित्र संविधान निर्माण कार्य हुन सकेन । जसले गर्दा पुनः दोस्रो संविधान सभाको निर्वाचन २०७० सालमा सम्पन्न भएपछि बल्ल २०७२ असोज ३ गते नेपालमा संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी भई लागु भयो । यसरी दलहरुलाई पटक-पटक जनताले मत दिएर फरक-फरक दलहरुलाई पालैपालो शासन गर्ने अभिभारा सुम्पेका थिए । तर पनि दल र नेताहरुले सधै जनतालाई झुक्याउने र आफू सत्तामा टिकिराख्ने दाउ मात्र गरे । २०६४ सालमा नेकपा माओवादी ठुलो दल पनि त्यस पार्टीका प्रधानमन्त्री प्रचण्डले ८ महिनामै सरकार छोडेर बाहिरिनु पऱ्यो । २०७४ मा भएको निर्वाचनबाट माओवादी र एमालेको गठबन्धनलाई भण्डै दुई तिहाई बहुमत दिए । त्यसले पनि दुई वषमै एकता टुट्न गयो र जनतासँग गरेको वाचा पूरा गर्न सकेन । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले २/२ पटक संसद विघटन गरी जनतालाई झुक्याउने काम गरेका थिए ।

यसरी आफू बाहेक यो देशमा अरु कुनै दल नदेख्ने यी तीन ठूला भनाउँदा दलहरुलाई पालैपालो आफ्नो मत दिएर सत्ता संचालन गर्न पठाउँदा पनि आफ्नो जिम्मेवारी समयमा कहिल्यै पूरा गरेनन् । जनता सधै निराश भएर बाँच्नु पऱ्यो । उनीहरु सधैं नयाँ वैकल्पिक शक्तिको उदयको पर्खाइमा बसिरहनु पऱ्यो । नो भोटको विकल्प माग्दा पनि सरकारले सुनेन । यसरी जनभावना र जनमतको कदर नगर्दा देशमासँगै एउटै व्यवस्था र अवस्था रहिरहँदैन भन्ने कुराको उदाहरण २०७९ सालबाटै देखिन थाल्यो । २०७९ को आम निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ वैकल्पिक शक्तिको रूपमा उदायो र पहिलो चुनावमै २० सिट प्रतिनिधि सभामा जितेर चौथो शक्तिको रूपमा राष्ट्रिय पार्टीको मान्यता प्राप्त गऱ्यो । त्यस पार्टीको सभापती रवि लामिछाने त्यसबेला सरकारको नेतृत्वमा उपप्रधानमन्त्री तथा गृहमन्त्रीको रूपमा जिम्मेवारी बहन गर्दै जनताको मन जित्ने कामको सुरुवात गरे । त्यस बेलादेखि रास्वपा पार्टीप्रति नेपाली जनताको माया र विश्वास बढ्न थाल्यो ।

त्यसक्रममा पुराना दलहरुप्रति जनताको वितृष्णा अझ बढ्न थाल्यो । सरकारका विभिन्न गलत कार्महरुबाट वाक्क दिक्क हुन पुगेका नेपाली जनतामा धैर्यको बाँध टुट्न बेर लागेन । जसको कारण २०८२ साल भाद्र २२ गते जेन जी युवाहरुको अगुवाईमा सरकार विरोधी आन्दोलन सुरु भयो । पहिलो दिनको आन्दोलन राजधानी काठमाडौं केन्द्रित थियो । त्यस दिन दिउँसो १७ जना निर्दोष विद्यार्थीमाथि प्रहरीले गोली हानेर सहिद बनायो । त्यसको भोलिपल्ट देशैभर केपी ओली र रमेश लेखकको राजिनामा माग गरी देशभर प्रदर्शन हुन पुग्यो । त्यस आन्दोलनमा कुल ७८ जनाको ज्यान गयो भने प्रधानमन्त्री केपी शर्मा ओलीले राजिनामा दिई सेनाको सुरक्षामा शरणागत पुग्नुपऱ्यो । यसपछि भाद्र २७ मा गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले २०८२ फागुन २१ गते निर्वाचन गर्ने मिति घोषणा गरेसँगै जनतामा अझ खुसी छायो ।

जनता फागुन २१ को प्रतिक्षामा थिए । किनभने तत्कालिन काठमाडौं महानगरका मेयर बालेन्द्र शाह (बालेन) पनि पदबाट राजिनामा गरी रास्वपामा समावेश भएका थिए । त्यस पार्टीको वरिष्ठ नेता बनेका थिए । कुनै पनि आन्दोलनको शक्ति भन्दा पनि निर्वाचनमा जनताको गोप्य मतदान बढी शक्तिशाली हुन्छ भन्ने कुरा गत फागुन २१ गते भएको निर्वाचन परिणामले प्रस्तुत गरेको छ । त्यस चुनावमा जनताले झण्डै दुई तिहाई मत दिएर राष्ट्रिय स्वतन्त्र पार्टीलाई सरकार संचालन गर्ने अभिभारा सुम्पेका छन् । चैत १३ गते प्रधानमन्त्री नियुक्त भएदेखि नै बालेन नेतृत्वको सरकारले विभिन्न शासकीय सुधार सम्बन्धी कार्यसूची बनाएर जनतालाई प्रत्यक्ष लाभ पुग्ने काम सुरु गरेको छर्लङ्ग छ । त्यसैले कुनै पनि शासकले जनताको मतको कदर नगरी उनीहरुको भावना र विचारको अभिमतको सम्मान गर्दैन । त्यस्ता शासकहरु जनताको नजरमा सधैं अलोकप्रिय भएको उदाहरण पाईन्छ ।

# युवाको भविष्य स्वदेशमै



रत्न प्रजापति

देशमा अरू सबै क्षेत्रको मियो मानिएको राजनीतिमा व्याप्त चरम बेथितिले गर्दा बाँकी अरू सबै क्षेत्र प्रभावित हुँदै आएको सत्य हो । राजनीतिक बेथितिकै कारण देशमा भ्रष्टाचार मौलाएको र अर्थतन्त्र जर्जर अवस्थामा पुगेको, सुशासन कायम हुन नसकेको र विकासले गति लिन नसकेको यथार्थ घामजत्तिकै छर्लङ्ग छ ।

सत्ता, शक्ति र स्वार्थका लागि जस्तोसुकै कुकर्म गर्न र जस्तोसुकै सम्झौता गर्न नहिचकिचाउने विगतका सरकार, राजनीतिक नेतृत्व र भ्रष्टाचारमा चुर्लुम्म डुबेको कर्मचारीतन्त्रले गर्दा राज्यले तय गरेका नीति, कार्यक्रम र योजनाहरूको प्रभावकारी कार्यान्वयन हुन सकेका थिएनन् । यही कारणले जनताले अपेक्षा गरेको आर्थिक र सामाजिक विकासले गति लिन नसक्दा जनता गरिबी, अभाव र अविकास भोग्न विवश बनेका हुन् ।

### आर्थिक गतिविधिमा सुस्तता र निराशा

मुलुकमा बेथितिहरूको विकासले गर्दा थितिहरू हराउँदै गए । परिणामतः गरिखान्छु भन्नेले गरिखान पाएनन् । लगानी गर्छु र प्रतिफल लिन्छु भन्ने लगानीकर्ताहरू निराश भए । उद्योग-व्यवसाय गर्छु भन्ने उद्योगी-व्यवसायीहरू निराश भए । आफ्नै माटोमा पसिना बगाउँछु र अन्न उब्जाउँछु भन्ने किसानहरू उपेक्षित भए । परिणामतः देशमा लगानी प्रवर्द्धन हुन सकेन । उद्योग-व्यवसाय खुल्न सकेन । कृषि र किसान पिछडिए । उत्पादन वृद्धि हुन सकेन । रोजगारी सिर्जना हुन सकेन ।

### बेरोजगारीको बहुआयामिक असर

बेरोजगारीको समस्या लामो समयसम्म रहिरह्यो भने यसले आर्थिक संकट बढाउँछ, गरिबी बढाउँछ, जनशक्तिमा विद्यमान क्षमता र दक्षतामा ह्रास ल्याउँछ र उत्पादनमा कमी ल्याउँछ, । यसैगरी बेरोजगारीका कारण आर्थिक संकट बढेपछि पारिवारिक कलह बढ्छ, बेरोजगार व्यक्तिमा मानसिक समस्या उत्पन्न हुन्छ र सामाजिक समस्या बढ्छ अनि युवा-पलायनमा थप वृद्धि हुन्छ । अन्ततः युवा-पलायनले फेरि देशको अर्थ-सामाजिक संरचनामा दीर्घकालीन र बहुआयामिक नकारात्मक असर पार्छ । अनि मान्छेलाई गरिबी र अभावको दुष्चक्रमा पार्छ भने देशलाई राजनीतिक अस्थिरता र अशान्तितर्फ डोऱ्याउँछ र अविकासको भुमरीमा अलमल्याइराख्छ । यी यथार्थहरूलाई मनन गरेर रोजगारी सिर्जना गर्नमा राज्यको नेतृत्वतह गम्भीर नबन्दा देश आर्थिक र सामाजिक समस्याको दुष्चक्रमा फस्दै गइरहेको विश्लेषण छ ।

### संवैधानिक हक र कार्यान्वयनको कमजोरी

रोजगारी नागरिकको संविधानप्रदत्त मौलिक हक हो । नेपालको संविधान २०७२ को धारा ३३ मा ‘प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ’ भनेर रोजगारीको हक प्रत्याभूत गरिएको छ । यसैगरी रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ पनि जारी गरिएको छ । सरकारका नीति तथा कार्यक्रम र आवधिक योजनाहरूमा पनि रोजगारी सिर्जनाका लक्ष्य तथा उद्देश्यहरू तय गरिएका छन् । तर, राज्य नागरिकको संविधानप्रदत्त हकसम्बन्धी कानुन तथा नीति, कार्यक्रम तथा योजनाहरूको कार्यान्वयनमा चुकेको कारण लाखौं नेपाली नागरिक रोजगारी पाउने संविधानप्रदत्त मौलिक हकबाट वञ्चित हुनुपरेको छ ।

अनि रोजगारीका लागि घरपरिवार र देश नै छोडेर बिदेसिनुपरेको छ । यसको पीडा बिदेसिने एउटा व्यक्तिले मात्रै होइन, उसको सिंगो परिवारले भोग्नुपरेको छ । ‘एक युवा देशको प्रधानमन्त्री हुँदै गर्दा अरू युवाहरू बिदेसिनु नपरोस्’, ‘बालेन सरकार बन्दै छ साथीहरू, अब रोजगारी नेपालमै पाइन्छ, विदेश जानु पर्दैन’ र ‘बालेनको सरकार छ, अब त देश छोड्न पर्दैन होला’ भन्ने किशोर तथा युवाको अभिव्यक्तिभित्र बेरोजगार हुनुपर्ने चिन्ता र आफ्नो असुरक्षित भविष्यको भय अन्तरनिहित छ ।

### वैदेशिक रोजगारी र युवा-पलायन

हाम्रो देशको अहिलेको यथार्थ यही हो कि रोजगारीको अवसर सिर्जना हुन नसक्दा बेरोजगारीको अवस्था कहालीलाग्दो बनेको छ । बर्सेनि रोजगारीको अवसर खोज्दै श्रमबजारमा प्रवेश गर्ने झन्डै साढे ५ लाख जनशक्ति निराशाको सिकार हुनुपरेको छ । जीवननिर्वाह नै कठिन हुन थालेपछि रोजगारीको विकल्प वैदेशिक रोजगारी बनेको छ । दुःख, पीडा र समस्या झेल्नुपरे पनि तुलनात्मक रूपमा बढी आर्जन हुने देखेपछि अधिकांश युवा जनशक्तिको रोजाइ बनेको छ, वैदेशिक रोजगारी ।

विदेशको कमाइले गाउँमा आर्थिक र सामाजिक परिवर्तन आएको देखेका हरेक युवाको सोच र कल्पना नै वैदेशिक रोजगारी हुन थालेको छ । परिणामतः खेत बाँझै राखेर र घरखेत बन्धकी राखेर पनि युवा जनशक्ति रोजगारीका लागि बिदेसिइरहेका छन् । दैनिक झन्डै २ हजारभन्दा बढीको संख्यामा युवा जनशक्ति बिदेसिँदा नेपालका गाउँहरू युवाविहीन बनेका छन् । खेतहरू बाँझो पल्टेका छन् । अनि घरघरमा भित्रिएको छ, विदेशको उत्पादन । वैदेशिक व्यापारमा आयातले प्रश्रय पाएको छ । अनि व्यापारघाटा चुलिएर अर्थतन्त्र नै जोखिमतर्फ धकेलिँदै छ ।

### विप्रेषण र आयातमुखी अर्थनीति

ठूलो संख्यामा नेपाली युवा जनशक्ति रोजगारीका लागि बिदेसिँदा नेपालका गाउँहरू युवाविहीन भए पनि, खेतहरू बाँझै पल्टिए पनि, यहाँको निर्माणकार्यमा जनशक्ति अभाव नै भए पनि विदेशबाट आएको ठूलो परिमाणको विप्रेषणले देशको अर्थतन्त्रलाई महत्वपूर्ण टेवा दिन थालेपछि सरकारको आँखा पनि वैदेशिक रोजगारीमै केन्द्रित हुँदै आएको छ । वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने निहुँमा अनेक नीति, रणनीति, कार्यक्रम र योजना बनाएर श्रम निर्यातलाई प्रोत्साहन गरिएको छ । वस्तु निर्यात गरेर आयात प्रतिस्थापन गर्नुपर्ने अथवा वैदेशिक व्यापारघाटालाई न्यून गर्नुपर्नेमा राज्यको नीति नै श्रमनिर्यातमा केन्द्रित हुन थालेपछि वस्तु निर्यातले प्रोत्साहन पाउनै सकेको छैन । बरु आयातमा चाहिँ दिन-प्रतिदिन दबाब पर्न थालेको छ । जसले गर्दा नेपालको वैदेशिक व्यापार पूर्ण रूपमा आयातमुखी बनेको छ ।

### उपभोग संस्कृति र उत्पादनमा ह्रास

विप्रेषणकै कारण उपभोग संस्कृति बढेको देखेर उपभोक्ताको मनोविज्ञान बुझेका उद्योगी-व्यवसायीहरू उद्योग छोडेर व्यापारतिर आकर्षित भएका छन् । वस्तु उत्पादन गर्नेभन्दा आयातित वस्तुको व्यापार गर्ने क्रम बढेपछि आयात झनै बढेको छ । सरकार पनि वस्तु आयातबाट राजस्वतर्फ आकर्षित भएपछि देशको अर्थनीति नै आयातमुखी बनेको छ । वैदेशिक व्यापारमा असन्तुलन बढ्नु अथवा आयात-निर्यातको अनुपातमा देखिएको ठूलो खाडलले देशको अर्थनीति नै आयातमुखी भएको पुष्टि हुन्छ ।

### बेरोजगारी र सामाजिक समस्या

जीवननिर्वाहका लागि आयआर्जन अपरिहार्य नै छ । तर, देशमा आयआर्जनका उपायहरू खुम्चिँदै गएका छन् । निरन्तरको राजनीतिक अस्थिरता र नीतिगत अन्योलले गर्दा उद्योग र व्यापार-व्यवसाय संकटमा छन् । रोजगारी सिर्जनाले प्रश्रय र प्रोत्साहन पाउन नसक्दा रोजगारी सिर्जना अत्यन्तै न्यून छ । औपचारिक तथा अनौचारिक दुवै क्षेत्रमा रोजगारीका लागि प्रतिस्पर्धा बढिरहेको छ । सीमित अवसरका लागि असीमित आकांक्षीहरूको भीडले सहर बेरोजगारहरूको रोजगारी खोज्ने थलोजस्तै देखिन थालेको छ । बेरोजगारहरूमा व्याप्त चरम निराशा र उदासीले मानसिक रोगीहरूको संख्या बढेको मनोविद्हरूको भनाइ छ । निराशाले डोऱ्याइएका पाइलाहरू जीवनको समाप्तितर्फ पनि अग्रसर छन् । हरेक वर्ष आत्महत्याका घटना बढ्नुले यही तथ्यलाई इंगित गरिरहेको देखिन्छ । यसरी देशमा व्याप्त बेरोजगारीले सामाजिक

...बाँकी पृष्ठ ३ मा

# A conversation with the moon



**✍Kritika puri**

One silent night, under the sky,
I saw the moon shining high.
I whispered softly, "How are you ?"
It smiled and said, "I'm watching you."

I stay with you through all these years,
I've seen your joys and hidden tears.
When you feel lost and alone,
Just look above, "I hear your moan."

I asked the moon, "Why do you glow ?",
"I glow to light the world below."
It smiled at me with gentle glow,
And answered me in whispers low.

Even in darkness, moon softly shine,
To remind everything will be fine.
With gentle light and peaceful grace,
It filled our heart with warm embrace.

*Class-8, Baljagriti English Secondary School, Hetauda-2*

# Nepal



**✍Sabhyata Kunwar**

Nepal,where silver mountains rise ,
more than 890 birds highly flies
Where river slide with gentle flow,
there are mountains with golden glow.

Through every breeze, through every air,
they whisper hope, echo prayer.
Rivers song as they rush along,
a timelesss, beautiful and sacred song.

In every smile, in every face,
lives a strong of strength and grace.
In every heart, both strong and kind,
A sweeter & deeper love, you'll always find
.

*Class-8, Baljagriti English Secondary School, Hetauda-2*

# म देशभक्त हुँ



**✍सरोज प्रसाद साह**

उडिरहेको चरा सशक्त हुँ !
पौडिरहेको जलचर मस्त हुँ !!
उम्लिरहेको म अग्नि-रक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!



बिउँझिएको एक पर्वत हुँ !
छातीमा राखिएको बन्दुक तत हुँ !!
प्रकाश भाँति म तेज रक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!



मेची र काली, र म अनन्त हुँ !
सूर्यको भाँति सौर्य सामन्त हुँ !!
योद्धा नेपाली म स्वयम्, शस्त्र हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!



बिजुलीको झिल्का म महाँचरित्र हुँ !
मेटिन मुलुकको लागि, सदा परतत हुँ !!
म भक्तिथापा र धर्मभक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!



म वीर साहस, अमिट नक्षत्र हुँ !
म नै हुँ बोट, म देशतन्त्र हुँ !!
नशा देशभक्तिको, म देशभक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!

# मन परेको माया



**✍सुमन राय**

कक्षा ९ को त्यो पहिलो दिन,
नयाँ किताब,
नयाँ साथीहरू बीच,
तिमीलाई देख्दा अचम्मै लाग्यो,
मनमा केही अनौठो बीज रोपियो ।

न त चिन्थें,
न त बोल्ने आँट थियो,
तर आँखाले कुरा गर्न थाले,
तिमी हाँस्दा दिन नै उज्यालो हुन्थ्यो,
मन किन किन तिमीतिरै तानिन थाले ।

कक्षाको कुनामा चुपचाप बसेर,
तिमीलाई हेर्ने बानी बस्यो,
साना साना कुरामा रमाउँदै,
तिमीसँगै सपनाहरू सज्यो ।

समय बित्दै गयो,
वर्ष फेरिँदै गयो,
तर भावना उस्तै रहिरह्यो,
कक्षा-९ को त्यो सानो आकर्षण,
आजसम्म माया बनेर बसिरह्यो ।

न भनिएको कुरा धेरै छन् अझै,
मनभित्र लुकेका भावनाहरू,
तर त्यो सुरुवातको मिठो सम्झना,
मेरो जीवनकै सबैभन्दा खास कथा भयो ।

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा-२*

# Friend



**✍ Ritika Kathayat**

A friend is a pure soul
guiding your heart towards every goal.
In times of struggle, they help you through,
a friend so loyal, honest, and true.

Good friends are God-gifted,
that's why they are the most trusted.
They help us in every path,
and make life free from wrath.


They are our sunshine,
making our hearts shine.
They make our day bright
and fill our hearts with light.

In every wrong and every right,
they stay with us day and night.
They are part of our heart,
just like a beautiful art.

*Class-8, Baljagriti English Secondary School, Hetauda-2*


बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


**स्वरित गिरी**
कक्षा-एलकेजी, नवोदय शिशु सदन, हेटौंडा-४


## श्री जनप्रिय माध्यामिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौंडा १६, हटिया चिसापानी

### विद्यालय कर्मचारी (सहचालक) आवश्यकता

*(सूचना प्रकाशित मिति : २०८३/०१/०९ गते)*

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुरमा को विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०१/०८ गते बसेको बैठकको निर्णय अनुसार विद्यालयको नियमित प्रशासनिक कार्य संचालन सहयोगि तथा बस सहचालकको काम गर्ने एक (१) जना विद्यालय कर्मचारी (सह चालक) खुल्ला प्रतिस्पर्दा द्वारा पदपुर्ति गर्नु पर्ने भएकोले उल्लेखित पदमा तपशिल बमोजिमको आधारमा दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले ७ दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आह्वान गरिएको छ। तलव सुविधा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार दिईनेछ ।

**तपसिल :**
विज्ञापन नं. १/२०८२-२०८३
पद : विद्यालय कर्मचारी (सहचालक)
सेवा : निजि स्रोत (करार)
संख्या : १ (एक)
शैक्षिक योग्यता : कक्षा ८ उतिर्ण
उमेर : २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०८३/०१/१५ गते
फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।
सम्पर्क मिति : २०८३/०१/१५ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू :**
कर्मचारी (सहचालक) को लागि : हेभि ड्राईभिङ्ग लाईसेन्स प्रतिलिपी, कक्षा ८ उत्तीर्ण लब्धाकंपत्र एवं चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु २-२ प्रति, नेपाली नागरिकताको प्रतिलिपी २ प्रति। काम गरेको अनुभविलाई विशेष ग्राहयता दिईनेछ ।

साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. ५००/- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक भौचर संलग्न राखि बुझाउनुपर्नेछ ।

सम्पर्क मिति : २०७९/०४/०६ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ ।
विशेष प्राथमिकताहरु : अनुभवीलाई विशेष ग्राहयता दिईनेछ ।

**सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५**
**शिक्षक छनौट समिति**
**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौंडा-१६, हटिया चिसापानी**



## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**



## सूचना, सूचना, सूचना

जन्म, मृत्यु, बसाइँसराई एवम् सम्बन्ध बिच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्म, मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिन सक्नेछन् । बसाइँसराई गर्दा व्यक्ति आफू मात्र बसाइँ सरी गए व्यक्तिले, परिवार नै गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्ने छ । बिवाहको सूचना पति, पत्नी वा दुवैले दिनुपर्दछ । सम्बन्ध बिच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।

**नरनाथ सुवेदी**
**वडा अध्यक्ष एवम्**
**१९ नम्बर वडा कार्यालय**



## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडाको

### वन पैदाबार बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना

*दोस्रो पटक सूचना प्रकाशन मिति: २०८३/०१/०९*

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको हेटौडा १० टि.सि.एन. चौरमा निर्माणाधीन बेसिक साइन्स भवन र सो हाता भित्र निर्माण हुने प्रिफ्याब भवन परिसरभित्र रहेका जोखिम युक्त मसलाका रुखहरू कटान सम्पन्न भएको र प्राप्त गोलिया थान १९६ को ७५६.३७ क्यू.फि. काठ तथा १.५ (२०'८५'८५') चट्टा दाउरा घाटगद्दीमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भई सूचीकृत र अद्यावधिक भएका इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ साथै प्रतिष्ठानको वेबसाइट www.mbahs.edu.np मा समेत राखिएको छ ।

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**बागमती प्रदेश, हेटौंडा**



## हेटौंडा सिमेण्ट उद्योग लिमिटेड, केन्द्रीय कार्यालय, लामसुरेको

### सिमेण्ट (शक्ति ब्राण्ड) को नयाँ मूल्य कायम भएको सूचना

*सूचना प्रकाशित मिति २०८३।०१।०९ गते*

यस उद्योगबाट उत्पादित "शक्ति" ब्राण्डको ओपिसि सिमेण्ट (हेटौडा सिमेण्ट) को बिक्रि मूल्य समय सापेक्ष समायोजन गर्नुपर्ने भएकोले मिति २०८३।०१।०३ गतेको निर्णयानुसार सोहि मिति देखि लागु हुने गरि ५० के.जी. बोराको कारखाना द्वार मूल्य अन्त:शुल्क तथा मू.अ.कर सहित प्रति बोरा रु.७८४/- कायम गरिएको छ । अधिकृत बिक्रेताहरुले उद्योगबाट तोकिएको कारखाना द्वार मूल्यमा रु.२५/- सम्म कमिशन, वास्तविक ढुवानी भाडा तथा अनलोडिङ्ग खर्च जोडी बिक्रि वितरण गर्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

हेटौडा सिमेण्ट उद्योग लि.
बिक्री तथा वजार व्यवस्था विभाग
लामसुरे-९, हेटौडा
सम्पर्क टेलिफोन नं. ०५७-४१२५९५
मोबाईल नं. ९८४९६६०६०७



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/१० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर सम्पर्क : ०५७-५२६८३०**


# यूवाको भविष्य...

समस्यालाई बढावा दिइरहेको देखिन्छ ।

### नीतिगत प्राथमिकता र समाधानको आवश्यकता

देशमा निराकरण गर्नैपर्ने अनेकौं आर्थिक तथा सामाजिक समस्याहरू छन् । तीमध्ये पनि अहिलेको जल्दोबल्दो समस्याको रूपमा देखिएको छ, बेरोजगारीको समस्या । मान्छेका लागि जिजीविषा नै अन्तिम सत्य हो । बाँच्नका लागि मान्छेले अनेक उपाय गर्छ । राम्रो, नराम्रो, असल, खराब सबै । पछिल्लो समय सामाजिक अपराधका घटनाहरुमा वृद्धि हुनुको पछाडि बेरोजगारी पनि एउटा मुख्य कारणको रूपमा रहेको विश्लेषण पनि समाजशास्त्री तथा अर्थशास्त्रीहरूले गरिरहेका छन् । अत: अहिलेको परिप्रेक्ष्यमा बेरोजगारी समस्या निराकरणका लागि राज्यले रोजगारी सिर्जनाको कार्यलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्नुपर्नेतर्फ सबै विज्ञहरूले जोड दिइरहेका छन् ।

### रास्वपाको प्रतिबद्धता र जनअपेक्षा

रोजगारी सिर्जनाको आवश्यकता र सान्दर्भिकतालाई दृष्टिगत गरेर राजनीतिक दलहरूले पनि आफ्नो चुनावी घोषणापत्रहरूमा रोजगारी सिर्जनालाई महत्वका साथ समेटेका छन् । हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको बेला आफ्नो वाचापत्रमा 'थिति बसाल्ने संकल्प' सहित 'रूपान्तरणका लागि नीतिगत प्रस्थानका १ सय आधारहरू' तय गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जनादेशबाट पहिलो राष्ट्रिय राजनीतिक दल बन्न सफल भएको छ। एकलौटी सरकार गठन गरेको रास्वपाको वाचापत्रमा रोजगार प्रवर्द्धन गर्न युवा विदेश पलायनलाई रोक्नका लागि विश्वव्यापी श्रमबजारमा आएको परिवर्तनलाई आत्मसात् गर्दै नेपालमै बसेर विदेशी कम्पनी, निकाय वा रोजगारदाताका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न स्पष्ट कानुनी र नीतिगत प्रबन्ध गर्ने उल्लेख छ। यसैगरी श्रमलाई सस्तो स्रोत होइन, सम्मानजनक मानव पुँजीका रूपमा स्थापित गर्दै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रमबजार निर्माण गर्ने पनि उल्लेख छ । सोहीअनुसार रास्वपा नेतृत्वको वर्तमान सरकारले भर्खरै १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धता' सार्वजनिक गर्दै 'समृद्धिको आधार रोजगारी' मा जोड दिएको छ । जसअनुसार आगामी पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गरिने उल्लेख गरेको छ ।

### रोजगारी सिर्जना नै राष्ट्रिय प्राथमिकता

बेरोजगारीको पीडाले छटपटाएका युवा जनशक्ति र बेरोजगारीको भयले भयभीत किशोरहरूले पनि रास्वपाप्रति असीम आशा र अपेक्षा राखेका छन् । रास्वपाले देशमा राजनीतिक परिवर्तनमात्रै होइन, अब आर्थिक परिवर्तन पनि गर्छ भन्ने विश्वास गरेका छन्। रास्वपाले जनताको यो विश्वासलाई कायम राख्न गर्नुपर्ने धेरै काममध्ये लाखौं युवाको ऊर्जा र उत्साहलाई उत्पादनसँग जोड्न र उत्पादनद्वारा अर्थतन्त्रको सुदृढतामा टेवा पुऱ्याउन रोजगारी सिर्जनालाई नै पहिलो प्राथमिकतामा राखेर राज्यका अंगहरूलाई क्रियाशील बनाउनु आवश्यक छ ।

रोजगारी सिर्जनाको अभ्यासमा देशको समग्र आर्थिक क्रियाकलाप जोडिने हुँदा यसले देशको समष्टिगत अर्थतन्त्रलाई नै चलायमान बनाउने हुँदा रोजगारी सिर्जना राष्ट्रिय हितका लागि अत्यावश्यक नै देखिन्छ । रोजगारी सिर्जना भई बेरोजगारी न्यूनीकरण भए अरू बाँकी आर्थिक र सामाजिक समस्याहरूमा क्रमश: सुधार आउने निश्चित छ । अत: अब सरकारले निजी क्षेत्रसँगको साझेदारीमा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेर क्रियाशील हुनु वाञ्छनीय हुनेछ। यसबाट वर्तमान युवापुस्ताको मनमा छाइरहेको बेरोजगारीको पीडा र निराशा अनि अनिश्चित भविष्यको भयको पनि अन्त्य हुनेछ र युवाले स्वदेशमै आफ्नो भविष्य उज्ज्वल देख्नेछन् ।

*(स्रोत : कारोबारदैनिक)*

# निर्मल माविमा अभिभावकसँग अन्तरक्रिया



*अन्तरक्रियामा सहभागी अभिभावकहरु ।*

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयले अभिभावकहरुसँग अन्तरक्रिया गरेको छ। मंगलबार विद्यालयमा कक्षा १-५ (अङ्ग्रेजी माध्यम) का अभिभावकसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा शैक्षिक सत्र २०८३ को अभिलेखीकरण तथा पठनपाठनबारे छलफल भएको छ । कार्यक्रममा बोल्नुहुँदै विद्यालयका प्रधानाध्यापक प्रबोध बिडारीले आर्थिक अभाव अभावका कारण कपी, कलम किन्न नसक्ने विद्यार्थीका लागि विद्यालयले नै कपी, कलमको व्यवस्था गरिदिने बताउनुभयो। साथै, आर्थिक अवस्था कमजोर भएका विद्यार्थीका लागि आफूले यस वर्ष १० जोर ड्रेस किनिदिने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो । विद्यालयले बैशाख २ गतेदेखि २१ गतेसम्म कार्यतालिका तयार गरेर नयाँ शैक्षिक सत्रसम्बन्धी विभिन्न कार्यक्रम गर्दैछ ।

## वाइवाइ यु-१९ क्रिकेट प्रतियोगिता

# जिल्लास्तरीय खेलाडी छनोटका लागि आह्वान

**समाज संवाददाता**

वाइवाइ यु-१९ क्रिकेट प्रतियोगिताः जिल्लास्तरीय खेलाडी छनोटका लागि आह्वान

हेटौंडाः मकवानपुर क्रिकेट संघले वाइवाइ यु-१९ पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिता २०८३ का लागि जिल्लास्तरीय खेलाडी छनोट गर्न आह्वान गरेको छ । संघले सोमबार एक सूचना जारी गर्दै छनोट प्रतियोगितामा सहभागी हुन इच्छुक खेलाडीहरूका लागि दर्ता फर्म खुला गरेको हो ।

सन् २००८ सेप्टेम्बर १ पछि जन्मेका खेलाडीहरूले मात्र दर्ता फर्म भर्न पाउने र प्रतियोगितामा भाग लिन पाउनेछन् । दर्ता फर्म भरेका खेलाडीहरूलाई ४ वटा टिममा विभाजन गरिनेछ । छनोट प्रक्रिया




अन्तर्गत प्रत्येक टिमले एकअर्कासँग एकदिवसीय अभ्यास खेल खेल्ने मकवानपुर क्रिकेट संघका सदस्य तथा प्रतियोगिताका संयोजक संजोग पोखरेलले जानकारी दिनुभयो ।

अभ्यास खेलको प्रदर्शनका आधारमा सुरुमा २२ जना खेलाडीलाई छनोट गरिनेछ । त्यसपछि उत्कृष्ट १४ जना खेलाडीलाई बागमती प्रदेशस्तरीय छनोटमा पठाइनेछ भने ४ जना वैकल्पिक खेलाडीको रुपमा रहनेछन् ।

नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्लाहरु मकवानपुर, चितवन, नुवाकोट, ललितपुर र भक्तपुरबिच प्रदेशस्तरीय छनोट प्रतियोगिता हुनेछ । नेपाल क्रिकेट संघ (क्यान) का अनुसार प्रदेशस्तरीय छनोट प्रतियोगिता अगामी जुन महिनामा हुनेछ भने राष्ट्रिय प्रतियोगिता अगामी सेप्टेम्बर र अक्टोबर महिनामा सञ्चालन गरिनेछ ।

# छन्द दिवसमा नवसर्जकद्वारा रचना वाचन

**समाज संवाददाता**

हेटौँडा : नवसर्जक साहित्य चौतारी नेपाल केन्द्रीय समितिको आयोजनामा छन्द दिवसको अवसरमा रचनावाचन कार्यक्रम सम्पन्न भएको छ। मंगलबार भएको कार्यक्रम चौतारीकी अध्यक्ष कृतिका लौडारीको अध्यक्षता तथा छन्द कवि पुरुषोत्तम आचार्यको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतमको विशिष्ट आतिथ्य तथा गजल मञ्च मकवानपुरका अध्यक्ष सन्जित श्रेष्ठ लगायतको आतिथ्य रहेको थियो ।

उक्त कार्यक्रममा नवसर्जकहरु रोज कार्की, दुर्गा खतिवडा, जोशिका कँडेल 'निशा', स्वस्तिका दाहाल, अभिनव वात्स्यायन, कृतिका लौडारी लगायतको रचना वाचन रहेको थियो । कार्यक्रममा उपस्थित विशिष्ट अतिथि नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतमले छन्द दिवसको शुभकामनासहित नवसर्जक साहित्य चौतारी नेपाल लुम्बिनी प्रदेश कार्यालय स्थापना दिवसको समेत शुभकामना दिँदै आफ्नो छन्द कविता वाचन गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि पुरुषोत्तम आचार्यले छन्द दिवसको शुभकामना दिँदै छन्दको महिमा बताउँदै विविध लयका छन्द कविता वाचन गर्नुभयो । २५ वर्षमुनिका नवसर्जकको पठन तथा लेखन संस्कृतिको विकासका लागि समर्पित चौतारीले नवसर्जक मासिक शृङ्खला, नवसर्जक कार्यशाला तथा सन्दर्भविशेष कार्यक्रमहरू गर्दै आएको छ।

# धादिङमा एकैदिन दुई जनाको मृत्यु

**समाज संवाददाता**

हेटौँडा : छुट्टाछुट्टै दुर्घटनामा परेर धादिङ जिल्लामा एकैदिन दुई जनाको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार सोमबार साँझ धादिङको ज्वालामुखी गाउँपालिका-४, थापागाउँमा रुखको हाँगाले लागेर एक जना पुरुषको मृत्यु भएको छ ।

बाटोमा हिँडिरहेको अवस्थामा हावाहुरीका कारण समीको रुखको हाँगाले लागेर स्थानीय ३६ वर्षीय संदिप गरौजा घाइते भएका थिए । सोमबार साँझ ७ बजेर २६ मिनेटको समयमा धादिङ जिल्ला अस्पतालमा उपचारको क्रममा गरौजाको निधन भएको प्रहरीले जानकारी दिएको छ । यस्तै धुनिवेशी नगरपालिका-४, तेर्सेपानीमा भुईमा लडेर एक जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार स्थानीय ४० वर्षीय सानुबाबु तामाङ चिया पसलमा चिया पिइरहेका बेला अचानक लडेर करिब २५ फिट तल खसेर घाइते भएका थिए ।

लडेर गम्भीर घाइते भएका उनलाई तत्काल उपचारका लागि काठमाडौंस्थित ट्रमा सेन्टर पठाइएको थियो । सोमबार राती ९ बजेर ३५ मिनेटको समयमा उपचारको क्रममा तामाङको मृत्यु भएको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# २ जना फरार प्रतिवादी पक्राउ

**समाज संवाददाता**

हेटौँडा : जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न मुद्दामा अदालतबाट फैसला भई फरार रहेका २ जना प्रतिवादीलाई पक्राउ गरेको छ । मकवानपुर जिल्ला अदालतबाट विभिन्न मितिमा कैद तथा जरिवाना सजाय तोकिए पनि फरार रहेका प्रतिवादीहरूलाई खोजीको क्रममा फेला पारी सोमबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

लागुऔषध खैरो हेराईन मुद्दामा ६ महिना १९ दिन कैद सजाय पाएका हेटौँडा-१५ का २८ वर्षीय किसन कुमार वाईवा र अवैध रुपमा वनपैदार तस्करी मुद्दामा ६ महिना कैद र ५१ हजार ४ सय ४८ रुपैयाँ जरिवाना सजाय पाएका हेटौँडा-१५ कै ३३ वर्षीय राजन स्याङ्तानलाई प्रहरीले पक्राउ गरेको जनाएको छ। पक्राउ परेका प्रतिवादीहरुलाई आवश्यक कारबाहीका लागि मकवानपुर जिल्ला अदालतमा बुझाइएको प्रहरीले जानकारी दिएको छ ।

# सूर्योदय माविको प्रधानाध्यापकमा उर्वसी नियुक्त

**समाज संवाददाता**

हेटौंडाः राक्सिराङ-३ स्थित सूर्योदय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को प्रधानाध्यापकमा लीला उर्वसी नियुक्त हुनुभएको छ । निर्वतमान प्रधानाध्यापक सीताराम सुवेदीले पद छाडेपछि उर्वसीलाई प्रधानाध्यापकमा नियुक्त गरिएको विद्यालय व्यवसथापन समितिका अध्यक्ष उत्तम वाइबाले जानकारी दिनुभयो ।

विगत ४ वर्षदेखि विद्यालयमा प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नु भएका सुवेदीले अहिले पारिवारिक कारणले पद छोड्नु भएको अध्यक्ष वाइबाले बताउनुभयो । नवनियुक्त प्रधानाध्यापक उर्वसी पछिल्लो एक वर्षदेखि विद्यालयमा कार्यरत हुनुहुन्छ ।

# खोलामा डुबेर भोलनको मृत्यु

**समाज संवाददाता**

हेटौँडा : खोलामा डुबेर बकैयाका लाक्पा भोलनको मृत्यु भएको छ । खोलामा डुबेर बकैया-९, च्याउच्याउका ३५ वर्षीय भोलनको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार दिउँसो स्थानीय बकैया खोलामा पौडी खेल्ने क्रममा डुबेर भोलनको मृत्यु भएको प्रहरीको भनाइ छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# स्कुटरमा गाँजा तस्करी गर्ने पक्राउ

**समाज संवाददाता**

हेटौँडा : स्कुटरमा लागूऔषध गाँजा तस्करी गर्ने मकवानपुरको राक्सिराङ गाउँपालिका-२ का २३ वर्षीय सुवास मोक्तानलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । सोमबार साँझ ५ बजेको समयमा प्रहरीले मोक्तानलाई १७ किलो ५४६ ग्राम लागूऔषध गाँजासहित राक्सिराङ-९ को हरियाली सामुदायिक वनको भित्री सडकबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। भावरबाट खरंगातर्फ आउँदै गरेको बा प्र ०३-००५ प ७०८० नम्बरको स्कुटरबाट गाँजा बरामद भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले मोक्तानलाई हिरासतमा राखेर थप अनुसन्धान तथा कारवाही प्रक्रिया अगाडि बढाएको जनाएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

## श्री बालज्योति माध्यमिक विद्यालय

हेटौँडा-५, पिप्ले
०५७-५२०१४५/५२०२४६

### सुचीकृत हुन आउने सम्बन्धमा

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/०९)*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/ १२/ ०१ गतेको निर्णय अनुसार चालु आ.व. २०८२/ ८३ मा विद्यालयमा आवश्यक पर्ने सेनिटरी प्याड खरिद गर्ने प्रयोजनका लागि नेपाल सरकारले जारी गरेको सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ दफा ३ उपदफा ४ सँग सम्बन्धित सेनिटरी प्याडको न्यूनतम मापदण्ड बमोजिम उक्त सामग्री खरिद प्रक्रिया प्रयोजनका लागि आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजातहरूसहित विद्यालयमा सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा सूचीकृत हुनका लागि निवेदन दर्ता गराउनुहुन सार्वजनिक सूचना आव्हान गरिएको छ ।

रित नपुगेका र आवश्यक कागजातहरु संलग्न नगरिएको निवेदनलाई मान्यता दिइने छैन । प्राप्त भएका निवेदन मौजुदा सूचीमा सूचीकृत गर्ने वा नगर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहनेछ ।

**तपसिल**
**विषय क्षेत्र**
१. सेनेटरी प्याड

**निवेदनसँगै पेश गर्नुपर्ने आवश्यक कागजातहरू**
१) कम्पनी वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि ।
३) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४) आ.व. २०८१/८२ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

## डढेँलोबाट जोगिऔँ र जोगाऔँ ।

- सुख्खायाम तथा पतझरको समयमा डढेँलो लाग्न सक्छ,
- डढेँलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**डढेँलोबाट जोगिन**

- जथाभावीरुपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिँडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेँलोबिरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेँलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाऊ र वातावरण संरक्षणमा योगदान दिऔं ।

**वन तथा वातावरण मन्त्रालय**
बागमती प्रदेश, नेपाल
हेटौँडा, मकवानपुर

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८३/०१/०९ गते बुधबारको समृद्ध समाज राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेन्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिनुभएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/२० गते बुधबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ ।

**तपसिल**

| ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **१. ऋणी : ठाकुर प्रसाद चौलागाई** (ना.प्र.नं. ४७/३११५४, जारी मिति २०६२/१०/०२, दोस्रो प्रतिलिपि मिति २०७१/०७/१०, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७ (साबिक हटिया गा.वि.स. वडा नं. २) राजदेवी । बाबु : भवनाथ चौलागाई । बाजे : लक्ष्मी कान्त चौलागाई । | **जमानतकर्ता : पार्वती कुंवर** (ना.प्र.प.नं. ५९१, जारी मिति २०६१/०१/०२, जारी गर्ने कार्यालय जि.प्र.का सुनसरी) । स्थाई ठेगाना : सुनसरी जिल्ला रामधनी न.पा. वडा नं. ४ (साविक सिंगिया गा.वि.स. वडा नं. २) । ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७, राजदेवी । बाबु : खेमराज कुंवर । पति : ठाकुर प्रसाद चौलागाई । ससुरा : भवनाथ चौलागाई । |
| **लिलाम विक्री हुने धितो सुरक्षणको विवरण :** ठाकुर प्रसाद चौलागाईको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४, स्थित कित्ता नं. ६८८०, क्षेत्रफल ०-४-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१ | |
| **२. ऋणी : पार्वती कुंवर** (ना.प्र.प.नं. ५९१, जारी मिति २०६१/०१/०२, जारी गर्ने कार्यालय जि.प्र.का सुनसरी) । स्थाई ठेगाना : सुनसरी जिल्ला रामधनी न.पा. वडा नं. ४ (साविक सिंगिया गा.वि.स. वडा नं. २) । ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७, राजदेवी । बाबु : खेमराज कुंवर । पति : ठाकुर प्रसाद चौलागाई । ससुरा : भवनाथ चौलागाई । | **जमानतकर्ता : ठाकुर प्रसाद चौलागाई** (ना.प्र.नं. ४७/३११५४, जारी मिति २०६२/१०/०२, दोस्रो प्रतिलिपि मिति २०७१/०७/१०, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७ (साबिक हटिया गा.वि.स. वडा नं. २) राजदेवी । बाबु : भवनाथ चौलागाई । बाजे : लक्ष्मी कान्त चौलागाई । |
| **लिलाम विक्री हुने धितो सुरक्षणको विवरण :** पार्वती कुंवरको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायाम रहेको सुनसरी जिल्ला सिंगिया गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २घ, स्थित कित्ता नं. १३६, क्षेत्रफल ०-१-०-० (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१ | |

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा सम्पर्क राख्न सकिनेछ ।**

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

*(सूचना प्रकाशित मिति : २०८३/०१/०९ गते)*

यस समितिको मिति २०८२/१२/३० गतेका दिन बसेको व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार २२औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गरी निर्णय लिन निम्न मिति, स्थान र समयमा बोलाउने निर्णय भएको सहर्ष जानकारी गराउँदै यहाँहरुको गरिमामय उपस्थितिको लागि सम्पूर्ण आजीवन सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरू :**
१. समितिका तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रगति प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. कोषाध्यक्षज्यूद्वारा प्रस्तुत हुने लेखापरिक्षण तथा आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने ।
५. विविध ।

**कार्यक्रम**
मिति : २०८३/०१/२० गते आइतबार
स्थान : भूटनदेवी मन्दिरको सभाहल
समय : बिहान ११:०० बजे ।

सम्पर्क : ९८५५०७१७७७ (अध्यक्ष, राममान श्रेष्ठ)
९८५५०६७०९९ (उपाध्यक्ष, उत्तम शर्मा ढकाल)
९८४५०२८६२५ (सचिव, सञ्जय श्रेष्ठ)
९८२७२७७५१४ (कर्मचारी, देवका काफ्ले)

**श्री भूटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समिति**
हेटौँडा, मकवानपुर



Contact : 9807171993/9741681458
TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ